“अल्लाहले कयामत (प्रलय) को दिन नर्कका वासीहरूमध्ये सबैभन्दा कम यातना पाउने व्यक्तिलाई सोध्नुहुनेछ: यदि यो पृथ्वीमा भएको सम्पूर्ण कुरा तिम्रो स्वामित्वमा हुन्थ्यो भने, के तिमीले (यो सजायबाट बच्न) त्यसलाई फिरौती स्वरूप दिने थियौ? उसले उत्तर दिनेछ: हो, अवश्य नै दिने थिए

अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : “अल्लाहले कयामत (प्रलय) को दिन नर्कका वासीहरूमध्ये सबैभन्दा कम यातना पाउने व्यक्तिलाई सोध्नुहुनेछ: यदि यो पृथ्वीमा भएको सम्पूर्ण कुरा तिम्रो स्वामित्वमा हुन्थ्यो भने, के तिमीले (यो सजायबाट बच्न) त्यसलाई फिरौती स्वरूप दिने थियौ? उसले उत्तर दिनेछ: हो, अवश्य नै दिने थिए। तब अल्लाहले भन्नुहुनेछ: मैले त तिमी
जब तिमी अझै आदमको पिठ्युँमा थियौ तिमीसँग योभन्दा धेरै सजिलो कुरा मात्र चाहेको
थिएँ– कि तिमीले म सँग अरू कसैलाई साझेदार (शिर्क) नठहराउनू। तर तिमीले त्यसलाई अस्वीकार गर्यौ र शिर्क गर्नमा नै लागिरह्यौ।“ [सही] [मुत्तफकुन अलैहि]

यो हदीसमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ कि नरकमा सबैभन्दा कम सजाय भोग्ने व्यक्तिलाई अल्लाहले भन्नुहुनेछ: "यदि यो पृथ्वी र यसमा भएका सबै थोक तिम्रो भएको भए, के तिमीले यो सजायबाट छुटकारा पाउन ती सबै कुरा फिरौतीको रूपमा दिने थियौ?" उसले भन्नेछ: हो, मैले अवश्य नै दिने थिए । अल्लाहले भन्नुहुनेछ: "मैले तिमीलाई त्योभन्दा सजिलो कुराको आदेश दिएको थिएँ। जब तिमी आदमको पिठ्यूँमा थियौ, तिमीसँग वाचा लिइएको थियो कि तिमीले शिर्क (साझेदारी) गर्ने छैनौ; तर तिमीले शिर्क (बहुदेववाद) बाहेक अरू केही स्वीकार गरेनौ (अर्थात् शिर्क गर्नमै अडिग रह्यौ)।"

http://sunnah.global/hadeeth/ne/show/8315